

# वसन्तपुरको यात्रा

प्रशंसा श्रेष्ठ
सुनिल रञ्जित


letsreadasia.org



# वसन्तपुरको यात्रा



तिमी काठमाडौँ दरबारक्षेत्र घुमेका छौ ?  काठमाडौँ नेपालको सबैभन्दा पुरानो सहर हो ।




वसन्तपुरभित्र छिर्नेबित्तिकै तिमीलाई ढुङ्गाले बनेका दुइटा सिंहहरूले स्वागत गर्नेछन् ।



वसन्तपुरको डबलीमा तिमीले मानिसहरूले खुकुरी, मूर्ति, पोतेका मालाजस्ता नेपाली हस्तकलाका सामानहरू बेचेको देख्नेछौ ।



तिमीले बेलायती शैलीमा बनाइएको गद्दीबैठक पनि देख्नेछौ ।



तिमीले जिउँदो देवी बस्ने कुमारीघर देख्नेछौ ।




तिमीले एउटै रूखबाट बनेको काष्ठमण्डप देख्नेछौ ।



तिमीले गणेशको सानो मन्दिर देख्नेछौ । त्यस मन्दिरलाई अशोकविनायक भन्छन् । तिमीले त्यहाँ एउटा ठूलो घण्टा पनि देख्नेछौ । त्यस्तै घण्टा तीनै सहरमा छन् ।




शिवपार्वतीले झ्यालबाट तिमीलाई हेरिरहेको देख्नेछौ ।



तिमीले एउटा अष्टकोणको आकारमा बनेको कृष्णमन्दिर पनि देख्नेछौ ।



तिमीले कालभैरवको डरलाग्दो ठूलो मूर्ति देख्नेछौ । त्यहीँनिर तिमीले दुइटा ठूला दमाहा पनि देख्नेछौ ।




तिमीले तलेजुको ठूलो मन्दिर देख्नेछौ ।



तिमीले त्यहाँ हनुमानको मूर्ति देख्नेछौ । त्यही मूर्तिको कारण त्यस ठाउँको नाम हनुमान्ढोका राखिएको हो ।




त्यहाँ तिमीले पृथ्वीनारायण शाहले बनाएको नौतले दरबार पनि देख्नेछौ ।




तिमीले मन्दिरको वरिपरि धेरै परेवाहरूले झुम्मिएर कनिका खाइरहेको देख्नेछौ ।



तिमीले यिनै कुराहरूमा नै काठमाडौँको सुन्दरता देख्नेछौ ।





२०७२ साल, वैशाख १२ गतेको गोरखाभूकम्पले यहाँ बयान गरिएका धेरै मन्दिरहरूलाई भत्कायो । अब हामी सबैले वसन्तपुरलाई फेरि पहिलेकै अवस्थामा ल्याउने प्रयास गर्नुपर्छ । यसो गरेमा पछिका पुस्ताहरूले पनि आफ्नो सम्पदाको अवलोकन गरी गर्व गर्नेछन् ।

Brought to you by

The Asia Foundation

Let's Read! is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia. booksforasia.org

To read more books like this and get further information about this book, visit letsreadasia.org

Original Story
वसन्तपुरको यात्रा, author: प्रशंसा श्रेष्ठ. illustrator: सुनिल रञ्जित. Published by रातो बङ्गला किताब, https://www.ratobangalakitab.com/ © रातो बङ्गला किताब. Released under CC BY-NC 4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2018. Some rights reserved. Released under CC BY-NC 4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/